**मुख्य समाचारहरुबाट**

- **भारतीय अन्तरिक्ष यात्री शुभांशु शुक्ला सहित एक्सिओम–4 मिशन टोली पृथ्वी फिर्कीदै**
- **भारत–चीन सम्बन्ध सकारात्मक दिशामा अगाडि बडदै गरको विदेशमन्त्री जयशंकरको भनाई**
- **नीति आयोगद्वारा "ट्रेड वॉच क्वार्टरली" को तस्रो संस्करण सार्वजनिक**
- **2047 सम्म विकसित भारतको लक्ष्य हासिल गर्न 'विकसित गाउँ' निर्माणमा जोड**
- **अपार सम्भावनाका आधारमा आयुर्वेदल विश्वव्यापी वैज्ञानिक मान्यता पाउन थालको श्री जाधवको भनाई**

**भारतीय अन्तरिक्ष यात्री शुभांशु शुक्ला सहित एक्सिओम–4 मिशन टोली पृथ्वी फिर्ती यात्रामा**

एक्सिओम–4 अन्तरिक्ष मिशनका अन्तरिक्ष यात्री ग्रुप क्याप्टेन शुभांशु शुक्ला तथा उहाका तीन अन्तर्राष्ट्रिय सहयात्री पृथ्वी फिर्तीको यात्रामा प्रस्थान गर्नुभएको छ। स्पेसएक्स-ले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै उहाहरू सवार 'ड्रैगन' क्रू क्याप्सुल अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (ISS) बाट सफलतापूर्वक अलग भएको पुष्टि गरेको छ। कम्पनीका अनुसार अन्तरिक्ष यान भोली दिउँसो करिब 3 बजे क्यालिफोर्निया तटमा अवतरण गर्नेछ। अवतरणपछि ग्रुप क्याप्टेन श्री शुक्ला र अन्य तीन सदस्यलाई पृथ्वीको गुरुत्वा-कर्षणसँग पुनः अनुकूलनका लागि सात दिनको चिकित्सकीय निगरानीमा राखिनेछ। श्री शुक्ला अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा 14 दिनको वैज्ञानिक अभियानमा सहभागी हुनुहुन्थ्यो। उहा उक्त स्टेशनमा पुग्ने पहिलो भारतीय तथा 19 सय चौरासीमा अन्तरिक्ष जानुभएको विङ कमान्डर राकेश शर्मापछि अन्तरिक्ष यात्रा गर्ने दोस्रो भारतीय नागरिक बन्नु भएको हो। अभियान अवधिमा श्री शुक्लाले भारतसँग सम्बन्धित सात वैज्ञानिक प्रयोगहरू सम्पन्न गर्नुभएको छ। अन्तरिक्ष स्टेशनबाट बिदाइका क्रममा उहाले आफ्नो यात्रा "अविश्वसनीय" रहेको टिप्पणी गर्नुभएको छ। उहाले थप भन्नुभयो श्री शुक्ला सहितको एक्सिओम–4 मिशन 26 जुन 2025 मा प्रक्षेपण गरिएको थियो।

**भारत–चीन सम्बन्ध सकारात्मक दिशामा अगाडि बढ्दैछ : विदेशमन्त्री जयशंकर**

विदेशमन्त्री डा. एस. जयशंकरले भारत–चीन सम्बन्ध विस्तारै सकारात्मक दिशामा अघि बढिरहेको बताउनुभएको छ। चीनको राजधानी बेइजिङमा चिनियाँ विदेशमन्त्री वाङ-यी-सँगको भेटवार्ताका क्रममा उहाँले पछिल्ला नौ महिनामा दुई पक्षबीच द्विपक्षीय सम्बन्ध सामान्य बनाउने दिशामा उल्लेखनीय प्रगति

भएको बताउनुभयो।विदेशमन्त्री जयशंकरले यो प्रगति सीमावर्ती तनाव समाधान तथा त्यहाँको शान्ति स्थापनाको प्रतिफल भएको उल्लेख गर्नुभयो। उहाँले जोड दिँदै भन्नुभयो कि भारत र चीनबीच स्थिर र रचनात्मक सम्बन्धले मात्र दुई देशलाई होइन, सम्पूर्ण विश्वलाई लाभ पुऱ्याउनेछ। उहाँले पारस्परिक सम्मान, साझा हित र संवेदनशीलताको आधारमा सम्बन्धलाई अझ मजबुत बनाउन सकिने सुझाव दिनुभयो। साथै, दुई पक्ष यस कुरामा सहमत भइसकेको उल्लेख गर्दै डा जयशंकरले भन्नुभयो—"मतभेदलाई विवादमा रुपान्तरण गर्नु हुँदैन, र प्रतिस्पर्धा कहिल्यै संघर्षमा परिणत हुनु हुँदैन।" श्री जयशंकरले भारत–चीन सम्बन्धलाई सकारात्मक दिशामा अगाडि बढाउने सम्भावना अझै कायम रहेको पनि बताउनुभयो।उहाँले यो वर्ष भारत र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको 75औं वार्षिकोत्सव भएको स्मरण गर्दै पाँच वर्षपछि कैलाश मानसरोवर यात्रा पुनः सुरु भएकोमा चीनलाई धन्यवाद ज्ञापन गर्नुभयो।

**राष्ट्रपति मुर्मुद्वारा तीन महत्वपूर्ण नियुक्ति**

राष्ट्रपति द्रौपदी मुर्मुले आज हरियाणा, गोवा र लद्दाखका लागि नयाँ नियुक्तिहरू घोषणा गर्नुभएको छ। पूर्व नागरिक उड्डयन मन्त्री पुष्प-पति अशोक गजपति राजुलाई गोवाको राज्यपालका रुपमा नियुक्त गरिएको छ भने professor. आशिम कुमार घोष हरियाणाका नयाँ राज्यपाल बन्नुहुनेछ। यसका साथै, कविन्दर गुप्ता लद्दाखका उपराज्यपालको रूपमा नियुक्त हुनु भएको छ। राष्ट्रपति मुर्मुले लद्दाखका निवर्तमान उपराज्यपाल सेवानिवृत्त ब्रिगेडियर डा. बी. डी. मिश्रको राजीनामा स्वीकृत गर्नुभएको पनि छ।

**नीति आयोगद्वारा "ट्रेड वॉच क्वार्टरली" को तेस्रो संस्करण सार्वजनिक**

नीति आयोगले आर्थिक वर्ष 2025 को तेस्रो त्रैमासिक अवधिका लागि "ट्रेड वॉच क्वार्टरली" को तेस्रो संस्करण आज सार्वजनिक गरेको छ। आयोगका सदस्य डा. अरविन्द विरमानीले नया दिल्लीमा आयोजना गरिएको कार्यक्रममा यो त्रैमासिक प्रतिवेदन सार्वजनिक गर्नुभएको हो। रिपोर्टमा विश्वव्यापी माग–आपूर्ति परिप्रेक्ष्य, क्षेत्रगत प्रदर्शन तथा उदाउँदै गरेका व्यापारिक अवसरहरूको समग्र विश्लेषण प्रस्तुत गरिएको छ। आयोगका अनुसार, यो प्रतिवेदनले दिगो व्यापार वृद्धिमा गति दिनुका साथै बदलिँदो विश्व व्यापार परिवेशमा भारतको स्थिति मजबुत बनाउन, लचीलोपन, नवप्रवर्तन र सहकार्य प्रवर्द्धन गर्न महत्त्वपूर्ण अन्तर्दृष्टि प्रदान गर्दछ।

**2047 सम्म विकसित भारतको लक्ष्य हासिल गर्न 'विकसित गाउँ' निर्माणमा जोड**

ग्रामीण विकास राज्यमन्त्री डा. पेम्मासानी चन्द्रशेखरले विकसित भारतको परिकल्पना साकार पार्न विकसित गाउँको अवधारणा अवलम्बन गर्नुपर्नेमा जोड दिनुभएको छ। उहाँले आज नयाँ दिल्लीमा आयोजित ग्रामीण विकास मन्त्रालयको पहिलो कार्यसम्पादन समीक्षा समितिको बैठकलाई सम्बोधन गर्दै उक्त कुरा व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "विकसित गाउँमा प्रत्येक परिवारसँग पक्की घर, आधारभूत सेवासुविधा, गुणस्तरीय सडक, युवाहरूका लागि रोजगारीका अवसर र महिलाहरू सशक्त तथा आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्छ।" मन्त्री चन्द्रशेखरले ग्रामीण विकास मन्त्रालयको भूमिका योजनाको कार्यान्वयनमा मात्र सीमित नभई भारतको विकास यात्राको नयाँ अध्याय लेख्ने दिशामा रहेको उल्लेख गर्नुभयो। उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा भारतले ग्रामीण विकासमा उल्लेखनीय प्रगति हासिल गरेको पनि बताउनुभयो।प्रधानमन्त्री आवास योजना–ग्रामीणको प्रगति विवरण प्रस्तुत गर्दै मन्त्रीले अहिलेसम्म 3.22 करोडभन्दा बढी पक्की घरहरू निर्माण भइसकेको जानकारी दिनुभयो। साथै, 2029 सम्म थप दुई करोड पक्की घर निर्माण गर्ने लक्ष्य राखिएको समेत उहाँले स्पष्ट गर्नुभयो।

**वैज्ञानिक मान्यता प्राप्त गर्दै आयुर्वेद : आयुष मन्त्री जाधव**

आयुष मन्त्री प्रतापराव गणपतराव जाधवले आयुर्वेद अब वैज्ञानिक प्रमाण, प्रभावकारिता र अपार सम्भावनाका आधारमा विश्वव्यापी रूपमा स्वीकारिन थालेको बताउनुभएको छ। उहाँले आज नयाँ दिल्लीमा आयोजित 'शल्यकॉन 2035' को उद्घाटन समारोहमा सम्बोधन गर्दै यो कुरा बताउनुभएको हो। उहाँले उल्लेख गर्नुभयो कि आयुष मन्त्रालय आयुर्वेद तथा शल्य चिकित्सा प्रणालीको निरन्तर विकास र अन्तर्राष्ट्रिय पहिचानका लागि पूर्ण रूपमा प्रतिबद्ध छ। 'शल्यकॉन 2025' तीनदिने राष्ट्रिय सम्मेलन हो, जुन शल्य चिकित्सा प्रणालीमा केन्द्रित छ। यो कार्यक्रम शल्य चिकित्सा शास्त्रका जनक आचार्य सुश्रुतको जयंतीको अवसरमा आयोजना गरिएको हो, यसले उहाँको ऐतिहासिक योगदानप्रति श्रद्धा प्रकट गर्दछ।

**नामराङ गाउँमा किसान–वैज्ञानिक संवाद कार्यक्रम सम्पन्न**

पूर्व सिक्किम KVKले आज मार्तीम ब्लकको नामराङ गाउँमा किसान–वैज्ञानिक संवाद कार्यक्रम आयोजना गऱ्यो। डा. अशोक कुमारको पर्यवेक्षण र डा. प्रकाश शर्माको मार्गदर्शनमा सम्पन्न कार्यक्रममा करिब 50 जना किसानले भाग लिए।कर्यक्रममा विभिन्न विभागका उच्च अधिकारीहरूको उपस्थिति रहेको थियो, जसमा बागवानी, पशुपालन, कृषि विभागका निर्देशक तथा उपनिर्देशकहरू सहभागी थिए। वैज्ञानिक तथा विषय विशेषज्ञहरूको टोलीले प्राविधिक सुझाव तथा सहयोगको प्रतिबद्धता जनाए।

**मुख्य समाचार**

- **भारतीय अन्तरिक्ष यात्री शुभांशु शुक्ला सहित एक्सिओम–4 मिशन टोली पृथ्वी फिर्कीदै**
- **भारत–चीन सम्बन्ध सकारात्मक दिशामा अगाडि बडदै गरेको विदेशमन्त्री जयशंकरको भनाई**
- **नीति आयोगद्वारा "ट्रेड वॉच क्वार्टरली" को तेस्रो संस्करण सार्वजनिक**
- **2047 सम्म विकसित भारतको लक्ष्य हासिल गर्न 'विकसित गाउँ' निर्माणमा जोड**
- **अपार सम्भावनाका आधारमा आयुर्वेदले विश्वव्यापी वैज्ञानिक मान्यता पाउन थालेको श्री जाधवको भनाई**